# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

सूचना नम्बर: १६-२०७९/०८०

## गाउँपालिका स्तरीय खुला तिज गीत प्रतियोगिता सम्बन्धी सूचना।।।

**(प्रकाशित मितिः २०७९/०५/०६ गते)**

चन्द्रकोट गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार महिलाहरुको महान पर्व हरितालिका तिज-२०७९ को अवसरमा तपशिल बमोजिमको मिति, समय र स्थानमा खुला तिज गीत प्रतियोगिता कार्यक्रमको आयोजना गरिएकोले चन्द्रकोट गाउँपालिकाभित्रका महिलाहरु आ-आफ्नो समूह बनाई तपशिल अनुसार हुनेगरी सहभागिता जनाउनको निमित्त सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपशिलः**

कार्यक्रम संचालन हुने मितिः २०७९ भाद्र १२ गते आइतवार

स्थानः चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भवन अगाडिको खुला स्थान, शान्तिपुर गुल्मी

समयः विहान ठिक ११:०० बजेदेखि

**प्रतियोगिता सम्बन्धी नियमहरुः**

१. सहभागी संख्या बाद्यवादन तथा नृत्यकार सहित बढिमा १० जनाको हुनुपर्नेछ।

२. गीतको शब्द र लय सकेसम्म मौलिक हुनु पर्नेछ, गीतमार्फत कसैलाई आरोप प्रत्यारोप गर्न वा साम्प्रदायिक हिंसा भड्किने शव्दहरु राख्न पाईने छैन।

३. मौलिक पहिचान झल्किने भेषभूषा हुनु पर्नेछ।

४. बाद्यवादनका सामाग्रीहरु समूह आफैले व्यवस्थापन गर्नुपर्नेछ।

५. एक समूहलाई बढिमा १० मिनेटको समय प्रदान गरिनेछ, सहभागीले तोकिएको विषयबस्तुमा आधारित रहेर आफ्नो समूहको गीत प्रस्तुत गर्नुपर्नेछ।

६. गीत चन्द्रकोट गाउँपालिकाको ऐतिहासिकता झल्किने, धार्मिक साँस्कृतिक तथा पर्यटकीय पहिचान साथै यहाँको रहन सहन जातीय तथा साँस्कृतिक पक्षको बारेमा आधारित भएर प्रस्तुत गर्नुपर्ने छ।

**<u>प्रतियोगिताको लागि देहाय अनुसारको क्षेत्रबाट मुल्याङ्कन गरिनेछ।</u>**

| क्र.सं. | अंक प्रदान गरिने क्षेत्र | अक |
|---|---|---|
| १ | विषयबस्तु तथा शव्द | ३५ |
| २ | स्वर तथा लय | १० |
| ३ | गीतको मौलिकता र शुद्दता | १५ |
| ४ | भेषभूषा | १० |
| ५ | बाध्यवाधन | १० |
| ६ | नृत्य | १५ |
| ७ | अनुशासन | ०५ |
| जम्मा | | १०० |

प्रकाश चन्द्र शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**पुरस्कार सम्बन्धी व्यवस्थाः**

| | |
|---|---|
| प्रथम पुरस्कारः | नगद रु १५,००० प्रमाणपत्र र मायाको चिनो |
| द्वितीय पुरस्कारः | नगद रु १२,००० प्रमाणपत्र र मायाको चिनो |
| तृतीय पुरस्कारः | नगद रु ८,००० प्रमाणपत्र र मायाको चिनो |
| सान्त्वना पुरस्कारः | नगद रु ५,००० प्रमाणपत्र र मायाको चिनो |

**समूह दर्ता सम्बन्धी व्यवस्थाः** प्रतियोगितामा सहभागिता जनाउन चाहने समूहले २०७९ भाद्र १० गते दिनको ३:०० बजेभित्र गाउँपालिकाको प्रशासन शाखामा उपस्थित भै समूह दर्ता गराउनुपर्ने छ।

थप जानकारीका लागिः चन्द्रकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर गुल्मी वा ९८५७०६०९६३/ ९८४४०७५७७६ मा सम्पर्क गर्न सकिनेछ।

*पुनश्चः यातायातको व्यवस्था सहभागीहरु स्वयंले गर्नु पर्नेछ।*

प्रकाश चन्द्र शर्मा

नि. प्रमुख प्रशासकीय अधिकृत

प्रकाश चन्द्र शर्मा

नि.प्रमुख प्रशासकीय अधिकृत